आकाश भैरव
AAKASH BHAIRAB
In House Journal

नेपाल वायुसेवा

Vol. 38, No. 2 (Magh-Falgun 2075) March-April 2019

# अन्तर्राष्ट्रिय उडानमा सबै भन्दा धेरै यात्रु बोक्ने निगमको जहाज

सन् २०१८ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै अन्तर्राष्ट्रिय उडानतर्फ सबैभन्दा धेरै यात्रु बोक्ने सूचीको शीर्ष स्थानमा नेपाल एयरलाइन्स परेको छ । अहिले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै स्वदेशी नेपाल एयरलाइन्स, हिमालय एयरलाइन्स् ,बुद्ध एयर लगायत विभिन्न देशका २९ वटा एयरलाइन्स कम्पनीले उडान सेवा दिंदै आएका छन् ।




सन् २०१८ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै अन्तर्राष्ट्रिय हवाई यात्रा गर्ने यात्रुमध्ये निगमको हिस्सा मात्रै ११.३२ प्रतिशत पुगेको छ । सन् २०१८ को पहिलो ६ महिनासम्म निगम तेस्रो बढी यात्रु बोक्ने सूचीमा थियो । तर दुईवटा वाइडबडी जहाजले व्यवसायिक उडान सुरु गरेसँगै निगम पुनः बढी यात्रु बोक्ने सूचीमा आइपुगेको हो ।  यस अघि २०१६ मा पनि निगम बढी यात्रु बोक्ने सूचीमा परेको थियो ।

सन् २०१८ मा नेपाल वायुसेवा मार्फत २ लाख ४४ हजार ६ सय १८ जना हवाई यात्रु विश्वका विभिन्न मुलुकमा पुगेका छन् भने नेपाल भित्रिनेको संख्या पनि २ लाख ४७ हजार ३ सय ६१ रहेको विमानस्थल कार्यालयले सार्वजनिक गरेको तथ्याङ्कमा उल्लेख गरिएको छ ।

नेपाल वायुसेवा निगम पहिलो, भारतको जेट एयरवेज दोस्रो स्थानमा परको छ भने कतार एयरवेज तेस्रो स्थानमा परेको छ ।

# नागरिक उडड्यन प्राधिकरणद्वारा जापान उडान गर्न निगमलाई अनुमति

निगमको नयाँ ए ३३० वाइडबडी जहाजले काठमाडौं ओसाका उडानका लागि नेपाल नागरिक उड्डयन प्राधिकरणबाट विमान संचालनको अनुमति प्रमाणपत्र एओसी पाएको छ । निगमले नयाँ गन्तव्यमा उडान संचालनका लागि स्वदेशी नियामक निकायबाट पनि अनुमति लिनुपर्ने प्रावधानअनुरुप प्राधिकरणले निगमलाई एओसी दिएको हो । ओसाका विमानस्थलमा उडान संचालनका लागि निगमका कर्मचारी खटाइसकिएको छ । निगमले नेपालमा गर्नु पर्ने कागजातको सम्पूर्ण प्रक्रिया पूरा गरिसकेकोले छिट्टै जापानको नियामक निकायसँग उडान अनुमतिका लागि पेश गर्ने तयारी गरेको हो । जापानबाट उडान अनुमति पाएपछि उडान सुरु गर्न करिव एक महिना लाग्ने भएकोले यही फागुनभित्रमा जापान उडान संचालन हुनेगरी तयारी भइसकेको छ ।

सम्पादकीय

# सम्पादकीय

नेपाल वायुसेवा निगमप्रति आम नेपालीले विशेष चासो राख्दै आएका छन् । दुर्गमदेखि सुगमसम्म र स्वदेशदेखि विदेशसम्मका नेपालीका लागि सुपथ मूल्यमा सहज सेवा उपलब्ध गराउने संस्था भएको र निगमको सेवा अपरिहार्य भएको ठानेर नै यसप्रति विशेष अभिरूचि राख्नु स्वभाविक हो । एकातिर आम नेपाली निगमप्रति सकारात्मक अवधारणा प्रदर्शन गरिरहेका छन् भने पर्यटन व्यवसायसँग प्रत्यक्ष सरोकार राख्ने संस्थाहरू निगमको विकासमा आफ्नो विकास निर्भर रहेको ठान्दछन् । जतिखेर निगमको विमानसंख्या  न्यूनमात्रामा थियो, पर्यटन व्यवसायीहरू सरकारसँग विमान थप्ने कुरामा अगुवाई गर्न समेत अनुरोध गर्दै रहेका थिए ।

निगमले मन्तव्य विस्तार गर्ने रणनीतिका साथ अगाडि बढिरहेको सन्दर्भमा हाल निगमसँग जहाजको संख्या अपुग रहेकोले थप विानको आवश्कता पर्दछ । यसैलाई दृष्टिगत गरी निगमलाई सुदृढ सक्षम बनाउनुका साथै कसैले कमजोर बनाउने प्रयास नगरोस् भन्ने उनीहरूको अवधारणा र सोचाइ व्यक्त गर्दछन् । निगमको सेवा निर्वाधरूपमा संचालन भइराख्दा नै राष्ट्रिय रूपमा पर्यटन व्यवसाय फष्टाउँदै जानेछ । जसरी निगमको हितसँग कर्मचारीको हित गाँसिएको छ त्यसैगरी निगम र पर्यटन व्यवसायीबीच पनि अन्योन्याश्रित सम्बन्ध छ । सरकारले नेपाल भ्रमण वर्ष २०२० घोषणा गरेसँगै निर्धारित लक्ष्य पूरा गर्न एकातिर विमानहरूको नियमित र विश्वसनीय सेवा चाहिन्छ भने अर्कोतिर सरकारले तयार गरेको पूर्वाधारमा व्यवसायीहरूले बढी भन्दा बढी मात्रामा पर्यटक आकर्षित गर्नुपर्दछ । निगमबारे विशेष अभिरूचि राख्ने पर्यटन व्यवसायीको निगमप्रतिको अभिरूचिलाई खासरूपमा सऱ्हाहना गर्नु पर्दछ ।

विगतलाई कोट्याउनेभन्दा वर्तमानलाई विश्लेषण गरी भविष्यको लागि व्यावहारिक कार्यनीति अपनाएर अघि बढ्न सकेमा नेपालको अर्थतन्त्रमा ठोस योगदान पुग्दछ भने पर्यटन व्यवसायको बढोत्तरी हुँदै जाने छ । त्यसैले निगमले व्यावहारिक कार्यनीति निर्माण गरी त्यसलाई कार्यान्वयन गर्दै जाने प्रयास गरिरहेको छ भने निगमको प्रगतिमा बाधा आउनु हुँदैन भन्ने व्यवसायीको चासो पनि उल्लेखनीय रूपमा एकसाथ अघि बढेको छ । गन्तव्य विस्तार गर्दै नियमित र विश्वसनीय सेवाको माध्यमले निगमलाई गतिशील बनाउन गरेको प्रयासमा पर्यटन व्यवसायीहरूको विशेष अभिरूचि देखा पर्नु सकारात्मक हो । त्यसैले निगम र पर्यटन व्यवसायी एकै परिवारजस्तो भएर

# ने.वा.नि. र हङ्कङ्ग स्थित बैंक अफ इन्डिया बीच छलफल

ने.वा.नि र हङ्कङ्ग स्थित बैंक अफ इन्डियाबीच ने.वा.नि.को नयाँ खाता खोल्ने विषयमा छलफल भएको छ । निगमको हङ्कङ्ग स्थित बैंक अफ बरोडाले आफ्नो हङ्कङ्गस्थित शाखा हटाउने कारण जनाई निगमको खाता बन्द गर्न सूचना दिएपछि निगमको हङ्कङ्गस्थित कार्यालयको अनुरोधमा ने.वा.नि. को अर्थ विभागको एक टोली हङ्कङ्ग पुगी त्यहाँस्थित बैंक अफ इण्डियाको कर्मचारीहरूसँग छलफल गरी बैंक अफ इण्डियामा




तत्काल निगमको नयाँ खाताहरू खोल्ने व्यवस्था गरेको छ । उक्त बैकले सहज र सरल तरिकाले बैंकिङ कारोबारमा सहयोग गर्ने प्रतिवद्धता समेत जनाएको छ ।

उक्त कार्यको लागि ने.वा.नि.को तर्फबाट अर्थ निर्देशक – युवराज अधिकारी, उप-निर्देशक, राज कुमार खड्का, इन्चार्ज, बैंक युनिट – बिपुला बराल र इन्चार्ज, ए.ई. युनिट – इन्द्र थापा साथै बैंक आफ इन्डियाका तर्फबाट प्रबन्धक प्रविन चन्द्र र शशांक नाथन तथा अन्य स्टाफहरूबीच छलफल भएको थियो ।

उक्त खाता खोल्ने सन्दर्भमा ने.वा.नि का हङ्कङ्गस्थित प्रबन्धक बृहत मान तुलाधर तथा अर्थ प्रबन्धक अच्युतप्रसाद ढुंगानाको पनि उपस्थिति रहेको थियो ।


## सम्पादक मण्डल

प्रधान सम्पादक : कृष्णगोपाल जोशी
कार्यकारी सम्पादक : प्रतिभा शर्मा
सम्पादक : डोलराज पाण्डेय
सह-सम्पादक : कल्पना काफ्ले
सल्लाहकार सम्पादक : पुरू रिसाल
फोटो सल्लाहकार : हरि गोपाल प्रधान
प्रकाशक : वाह्य, जनसम्पर्क तथा प्रचार प्रसार महाशाखा
संस्थागत विभाग, नेपाल वायुसेवा निगम
www.nepalairlines.com.np
विभागीय प्रतिनिधिहरू : जीवन कुमार भट्टराई, मानव संशाधन
राजकुमार खड्का, अर्थ
विदीत देवकोटा, ग्राउण्ड सपोर्ट
सुधन कुमार श्रेष्ठ, यात्रुसेवा
पवन ग्वाछा, कन्टिन्यूइङ् एयर वर्दिनेश मेनेजमेन्ट
रञ्जना बञ्जारा, क्वालिटी एसुरेन्स एण्ड फ्लाइट सेफ्टी
योगेश हिराचन, अपरेशन्स्
चन्द्र बहादुर बलम्पाकी, वाणिज्य
ऋषि राम अर्याल, आन्तरिक लेखा परीक्षण
नहकुल प्र. श्रेष्ठ, सा. से. तथा सं. व्यवस्थापन
गोपाल प्र. तिवारी, इन्जिनियरिङ्ग मेन्टिनेन्स विभाग

# आन्तरिक पर्यटनको विकासमा निगमको योगदान

नेपालमा आन्तरिक पर्यटन क्रमशः बढ्दै गएको छ । एक प्रकारले यो नयाँ प्रवृत्तिको विकास हो । आन्तरिक पर्यटनमा नेपाल वायुसेवा निगमले सहयोगी भूमिका खेल्दै आएको छ । नेपालीहरू देशका विभिन्न भागमा घुम्ने गर्न थालेका छन् त्यसमा पनि उच्च पहाडी भेगका दर्शनीय ठाउँमा जान रहर गर्दछन् । पूर्वमा पाथिभरा, हलेसी र पश्चिममा मुक्तिनाथ, मुगुको रारा जस्ता ठाउँ बाह्य पर्यटक मात्र होइन आन्तरिक पर्यटकका लागि पनि आकर्षणको केन्द्र बनेका छन् । ती क्षेत्रलाई नजिक पारेर निगमले आफ्ना उडानहरू संचालन गर्दै आएको छ । पर्यटन मौसममा जोमसोममा एकै दिन आठ हजार आन्तरिक पर्यटन पुगेका थिए ।



लुम्बिनी



रारा



मुक्तीनाथ

कुनै बेला नेपाल वायुसेवा निगम माउन्टेन फ्लाइटका लागि निकै चर्चित थियो । निगमले दिने माउन्टेन फ्लाइटको प्रमाणपत्र विदेशीहरू निक्कै गौरवको उपलब्धि ठान्दथे । विमान संख्या घट्दै गएको सन्दर्भमा यतिखेर निगमले माउन्टेन फ्लाइटको अवधारणा कार्यान्वयन गर्न सकेको छैन । यद्यपि भविष्यमा यसलाई निरन्तरता दिने सम्भावना निकै छ । माउन्टेन फ्लाइटमा नेपालीहरूसमेत सहभागी हुन थालिसकेका छन् । विमान कम्पनीहरूका लागि राम्रो आयस्रोत बनेको छ । माउन्टेन फ्लाइटमा उपयोगी हुने विमान सेवामा समावेश गर्ने हो भने निगमले पनि राम्रो आय आर्जन गर्न सक्नेछ । अबका दिनमा आन्तरिक पर्यटक बढ्दै जाने सन्दर्भमा उनीहरूलाई आकर्षित गर्ने नयाँ नयाँ सेवा समावेश गर्न सक्नुपर्दछ । यस कुरामा निगम सक्रिय छ ।

आन्तरिक उडानहरूमा समेत आन्तरिक पर्यटकहरू थपिदैँ जाने प्रबल सम्भावना छ ।कतिपय विमान कम्पनीहरूले प्याकेज प्रोग्राम अन्तर्गत नेपालीहरूलाई सेवा दिएका छन् भने निगमले पनि यसलाई उपयोग गर्न सक्छ । कालिन्चोक देखि मनकामना, चन्द्रागिरी सम्मका केबलकार हरूमा नेपालीहरूको लर्को लागेको छ र आन्तरिक पर्यटकहरूलाई परिलक्षित गरेर नयाँ नयाँ ठाउँमा केवुलकार थप्दै जाने होड चल्न थालेको छ । मान्छेमा आएको उदारता र खुसी भएर जीउन चाहने जीवनशैलीका कारण खर्च गरेर घुम्ने प्रवृत्तिको विकास भइरहेकोले अझ नयाँ नयाँ गन्तव्यहरूको खोजी गरिनु पर्दछ । रारा ताल आकर्षणको थलो बनेको छ र ताल्चा विमानस्थलसम्म नेपाल वायुसेवा निगमले सेवा संचालन गरेकोले कैयौ आन्तरिक पर्यटक रारासम्म सजिलै पुग्न पाएका छन् । तर त्यस क्षेत्रमा आवासका लागि पूर्वाधार विकास भइनसकेकाले

बाँकी ६ पेजमा

# हङ्कङ्गस्थित एजेण्टहरुसित छलफल

ने.वा.नि. हङ्कङ्ग कार्यालयले हङ्कङ्गस्थित ने.वा.नि का एजेण्टहरू र ने.वा.नि. बीच २५ नोभेम्बर, २०१८ मा एक छलफल कार्यक्रम आयोजना गरेको थियो ।

उक्त छलफल कार्यक्रममा कार्यालयको काम विशेषले हङ्कङ्ग पुग्नु भएका अर्थ निर्देशक – युवराज अधिकारी, अर्थ उप-निर्देशक – राज कुमार खड्का, बैंक युनिटका इन्चार्ज – बिपुला बराल र , ए.ई. युनिटका इन्चार्ज – इन्द्र थापा र हङ्कङ्गस्थित कार्यालयका प्रबन्धक बृहत मान तुलाधर, अर्थ प्रबन्धक अच्युत प्रसाद ढुंगाना तथा स्टेशन मेनेजर सुमन वैद्यको पनि उपस्थिति रहेको थियो । हङ्कङ्गस्थित निगमका अधिकांश एजेण्टहरूको उपस्थितिमा भएका छलफल कार्यक्रममा निम्न विषयहरूमा छलफल भएको थियो :

RA को टिकट GDS बाट नै काट्ने व्यवस्था गर्न सकेमा एजेण्ट/ग्राहकहरू ने.वा.नि.को कार्यालयसम्म धाउनु पर्ने थिएन जुन काम अरू एयरलाइन्सहरूले यस अघिदेखि नै गर्दै आइरहेका छन् भन्ने समस्याको सम्बन्धमा ।

मिति सारेको चार्जः कुनै ग्राहकलाई कारणवश टिकट लिएको मिति भन्दा आगाडि नै उड्नु पर्ने भएमा सो टिकटलाई अगाडि सार्ने चार्ज निकै बढि रहेको भन्ने गुनासो राखिएकोमा यसलाई MFSC को छलफला राखी टुङ्ग्याउने सहमति भयो । ।

यात्रुहरूले आफूसँग लैजान पाउने सामानको तौल हङ्कङ्ग-काठमाडौंको जति नै काठमाडौं-हङ्कङ्गको पनि हुनु पर्ने विषयमा छलफल भयो ।

जहाजको भारको अवस्थालाई विचार गर्दै हङ्कङ्गस्थित कन्ट्री मेनेजर वा स्टेशन मेनेजरले केही किलोसम्म छूट दिन सक्ने व्यवस्था गर्नुपर्ने सम्बन्धमा छलफल भएको थियो ।



बाँकी ७ पेजमा

Thought for To-Day

*"If happy little bluebirds fly beyond the rainbow, why oh why can't I"*

*-E.Y. Harburg*

# निगमको अन्तर्राष्ट्रिय उडानमा छुट

निगमले अन्तर्राष्ट्रिय गन्तव्यका आफ्ना यात्रुलाई टिकटमा छुट दिने भएको छ । निगमले काठमाडौं बैङ्कक काठमाडौं यात्रामा जाने यात्रुलाई वान टिकट फ्रि इन ग्रुप फाइभ योजना अन्तर्गत पाँच जनाको समूहमा टिकट खरिदमा एक जनालाई टिकट निशुल्क गराउने भएको हो । आगामी तीन महिना - जनवरी,फेब्रुअरी र मार्च) सम्म यो योजना लागु हुने भएको छ ।




पर्यटन प्रबर्द्धन तथा व्यापार अभिवृद्धि गर्ने उद्धेश्यका साथ छुट योजना ल्याइएको हो । आवश्यकताका आधारमा अन्य गन्तव्यमा पनि यो योजना विस्तार गर्ने लक्ष्य छ । अहिले बैङ्कक क्षेत्रमा कम व्यापार हुने भएकोले व्यापार बढाउने नै मुख्य उद्देश्य रहेको छ । यो समयमा उक्त क्षेत्रबाट कम पर्यटक आउने भएकोले पनि यस्तो योजना ल्याइएको हो ।

काठमाडौं-बैङ्कक-काठमाडौं उडानका लागि टिकटमा हरेक यात्रुले कर बाहेक १२ हजार रूपैया तिर्नु पर्छ । निगमले यो गन्तव्यमा सातामा तीन दिन सोमबार, बुधबार र शुक्रबार उडान भर्दै आएको छ ।

निगमले अहिले विभिन्न आठ गन्तव्यमा भारतको नयाँ दिल्ली, बैङ्गलोर, मुम्बई, मलेशिया, बैङ्कक, दुबई, हङ्कङ र कतारमा उडान भर्दै आएको छ । निकट भविष्यमै जापान, चीन, दक्षिण कोरिया र साउदी अरबमा सिधा उडान गर्ने योजनाका साथ प्रक्रिया अघि बढाइएको छ । निगमसँग हाल दुई अन्तर्राष्ट्रिय उडानको लागि वाइडबडी ए-३३० जहाज दुई, न्यारो बडी ए-३२० दुई र एक बोइङ्ग ७५७ जहाज छन् ।

# निगममा Timatic Online Service पूर्ण रुपमा संचालन

नयाँ प्रविधिको प्रयोग गर्दै अगाडि बढनु पर्छ भन्ने मान्यता अनुरूप वाणिज्य विभागको सक्रियतामा IATA द्वारा प्रकाशित Travel Information Manual (TIM) को प्रयोग हुदै आएकोमा यसको सट्टामा ०१ जनवरी २०१९ देखि SITA Departure Control System (DCS) मा नै जडान गरी Timatic Online Service पूर्ण रूपमा लागु गरिएको छ । Timatic Online मार्फत Check in मा सहजता प्रदान गर्ने निश्चित देखिन्छ । यसको साथै यसको प्रयोगबाट Passport regulations and recommendations,Visa regulations and recommendations, Health regulations and recommendation, Airport Tax to be paid by the traveler at either departure and arrival airport, Customs regulations relating to import/export of goods and small pets by a passenger, Currency regulations relating to import and export by a passenger, News relating to changes in immigration rules or practices जस्ता जानकारीहरू online मार्फत सहज रुपमा प्राप्त गर्न सकिन्छ ।

# विमानस्थलमा आन्तरिक विक्री कक्षको शुभारम्भ

मिति २०७५ फाल्गुन १ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल आन्तरिक टर्मिनल भवनको अगाडि कोठा नं. ५ बाट आन्तरिक विक्री कक्षको शुभारम्भ भएको छ । निगमले प्रदान गर्दै आएको सेवा सुविधा अव काउन्टर बाहिरैबाट लिन सकिनेछ । पास लिनु पर्ने र काउन्टरमै गएर सोधपुछ गर्नु पर्ने झन्झट हटेको छ । यस काउन्टरबाट आन्तरिक तर्फको टिकट विक्री, कार्गो, मेल, व्यागेज र स्पेशल ह्यान्डलिङ्गको सेवा प्रदान गरिन्छ । यसबाट निगममा यात्रा गर्ने यात्रुहरूले कुनै पनि सोधपुछ तथा आवश्यक जानकारी लिनु परेमा यो काउन्टरमा सजिलै जान सकिने गरी प्रबन्ध मिलाइएको छ ।



# विभागीय समाचार
## (मानव संशाधन विभाग)

### मंसिर

#### नियुक्ति

| क्र.सं | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | राजेन्द्र मान शाक्य | ९ | बरिष्ठ क्याप्टेन |
| २ | सुमित सिंह टमाटा | ७ | बरिष्ठ प्राविधिक अधिकृत |
| ३ | उमेश कुमार साह | ७ | बरिष्ठ प्राविधिक अधिकृत |
| ४ | गोकर्ण घिमिरे | ७ | बरिष्ठ प्राविधिक अधिकृत |
| ५ | श्यामदीप साह | ७ | बरिष्ठ प्राविधिक अधिकृत |
| ६ | सुनिल न्यौपाने | ७ | बरिष्ठ प्राविधिक अधिकृत |
| ७ | सुरेश सिंह बि.क | ७ | बरिष्ठ प्राविधिक अधिकृत |
| ८ | प्रमोद कुमार चौधरी | ७ | बरिष्ठ प्राविधिक अधिकृत |
| ९ | प्रगति पौडेल | ७ | बरिष्ठ प्राविधिक अधिकृत |
| १० | प्रविन शेर्पाइली | ७ | बरिष्ठ प्राविधिक अधिकृत |
| ११ | प्रभात कार्की | ७ | बरिष्ठ प्राविधिक अधिकृत |
| १२ | धिरेन्द्र कुमार साह | ७ | बरिष्ठ प्राविधिक अधिकृत |
| १३ | राजेश जोशी | ७ | बरिष्ठ प्राविधिक अधिकृत |
| १४ | बिमल भट्टराई | ७ | बरिष्ठ प्राविधिक अधिकृत |
| १५ | कृष्ण प्रसाद भुर्तेल | ७ | बरिष्ठ प्राविधिक अधिकृत |
| १६ | लोकेन्द्र सिंह खाती | ७ | बरिष्ठ प्राविधिक अधिकृत |
| १७ | सुन्दर भण्डारी | ७ | बरिष्ठ प्राविधिक अधिकृत |
| १८ | मिना मरासिनी | ५ | बरिष्ठ आई.टी. टेक्निसियन |
| १९ | सबिन श्रेष्ठ | ५ | बरिष्ठ आई.टी. टेक्निसियन |
| २० | मुकेश श्रेष्ठ | ५ | बरिष्ठ आई.टी. टेक्निसियन |
| २१ | लक्ष्मी बस्याल | ५ | बरिष्ठ प्राविधिक |
| २२ | अभय कुमार साह | ५ | बरिष्ठ प्राविधिक |
| २३ | भिम नारायण कुँवर थारू | ५ | बरिष्ठ प्राविधिक |
| २४ | शंकर नाथ पाण्डे | ५ | बरिष्ठ प्राविधिक |
| २५ | धन राज राई | ५ | बरिष्ठ प्राविधिक |
| २६ | सुदिन श्रेष्ठ | ५ | बरिष्ठ प्राविधिक |
| २७ | सागर खत्री | ५ | बरिष्ठ प्राविधिक |
| २८ | सुरेन्द्र साह | ५ | बरिष्ठ प्राविधिक |
| २९ | मुकेश श्रेष्ठ | ४ | जी. ईओ |
| ३० | उमेश थापा | ४ | जी. ईओ |
| ३१ | दुर्गा लाल श्रेष्ठ | ४ | जी. ईओ |
| ३२ | पुस्कर कुँवर | ४ | जी. ईओ |
| ३३ | बिनोद लामा | ४ | जी. ईओ |
| ३४ | पदम लामा | ४ | जी. ईओ |
| ३५ | सुधिर कुमार साह | ४ | जी. ईओ |
| ३६ | सुमन लामा | ४ | जी. ईओ |
| ३७ | रोड्सुकान बनसेन | ४ | सहायक |

#### राजीनामा

| क्र.सं | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | शिखा शर्मा बास्तोला | ८ | का.मु. उपनिर्देशक |
| २ | उमेश डाँगी | ६ | प्राविधिक अधिकृत |
| ३ | निर्मला देवी भौकाजी | ६ | अधिकृत |
| ४ | प्रतिभा लामिछाने | ६ | अधिकृत |
| ५ | अभीलाष अधिकारी | ५ | स्टेवार्ड |
| ६ | पवन कट्टेल | ४ | सहायक |

#### अवकाश

| क्र.सं | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | मुक्ति राम पाण्डे | ८ | प्रबन्धक |
| २ | बेचन राम महतो | ४ | बरिष्ठ हेड लोडर |
| ३ | रमेश पाण्डे | ३ | हेड पियन |

#### सरूवा/ पद स्थापना

| क्र.सं | कर्मचारीको नाम | तह | पद | विभाग वाट / हालको स्थान |
|---|---|---|---|---|
| १ | सुप्रिया तुलाधर | ८ | प्रबन्धक | संस्थागत विभाग /बाणिज्य विभाग |
| २ | शैलेश कंसाकार | ८ | का.मु. उपनिर्देशक | संस्थागत विभाग/ग्वान्जाओ स्टेशन |
| ३ | नवराज कोइराला | ७ | बरिष्ठ अधिकृत | यात्रुसेवा विभाग/ बाणिज्य विभाग |
| ४ | प्रकाश भण्डारी | ७ | बरिष्ठ अधिकृत | अपरेशन्स विभाग/ यात्रुसेवा विभाग |
| ५ | मुन्ना शाह खड्का | ६ | अधिकृत | यात्रुसेवा विभाग / कार्यकारी अध्यक्षको कार्यालय |
| ६ | बिभा दाहाल | ३ | कनिष्ठ सहायक | कार्यकारी अध्यक्षको कार्यालय/अपरेशन्स विभाग |

### पुस

#### नियुक्ति

| क्र.सं | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | ओम प्रकाश ठाकुर | ६ | अधिकृत |
| २ | सितेश कुमार कर्ण | ६ | अधिकृत |
| ३ | किरण पन्थी | ६ | अधिकृत |
| ४ | सुस्मिता मोक्तान | ६ | अधिकृत |
| ५ | अजिता लुइटेल | ६ | अधिकृत |
| ६ | महेश श्रेष्ठ | ६ | अधिकृत |
| ७ | राज कुमार के.सी | ६ | अधिकृत |
| ८ | किरण घिमिरे | ६ | अधिकृत |
| ९ | चित्रा शर्मा | ६ | अधिकृत |
| १० | केशब बहादुर गाहा | ६ | अधिकृत |
| ११ | कुशल रूपाखेती | ६ | अधिकृत |
| १२ | विधाता पुडासैनी | ६ | अधिकृत |
| १३ | किरण अधिकारी | ६ | अधिकृत |
| १४ | सरोज नेपाल | ६ | अधिकृत |
| १५ | हरि बहादुर सारू | ६ | अधिकृत |
| १६ | श्रीधर भण्डारी | ६ | अधिकृत |
| १७ | सन्तोष खड्का | ६ | अधिकृत |
| १८ | खेम प्रसाद उपाध्याय | ६ | अधिकृत |
| १९ | महेन्द्र कुमार शर्मा | ६ | अधिकृत |
| २० | नितु थापा | ६ | अधिकृत |
| २१ | सबिना शर्मा | ६ | लेखा अधिकृत |
| २२ | पुष्पा कोइराला | ६ | लेखा अधिकृत |
| २३ | सुबास संजेल | ६ | लेखा अधिकृत |
| २४ | किरण पण्डित | ६ | लेखा अधिकृत |
| २५ | लोकेश प्रसाद सिंह | ६ | लेखा अधिकृत |
| २६ | प्रदीप गैरे | ६ | लेखा अधिकृत |
| २७ | नबिता सत्याल | ५ | बरिष्ठ लेखा सहायक |
| २८ | खिमानन्द भुसाल | ५ | बरिष्ठ सहायक |
| २९ | बिनोद पौडेल | ५ | बरिष्ठ सहायक |
| ३० | यज्ञराज ओझा | ५ | बरिष्ठ सहायक |
| ३१ | नविन अर्याल | ५ | बरिष्ठ सहायक |
| ३२ | गीतान्जली श्रेष्ठ | ५ | बरिष्ठ सहायक |
| ३३ | मञ्जु नेपाल | ५ | बरिष्ठ सहायक |
| ३४ | उषा अधिकारी | ५ | बरिष्ठ सहायक |
| ३५ | अम्बिका पोखरेल | ५ | बरिष्ठ सहायक |
| ३६ | रेग बहादुर बि.क | ५ | बरिष्ठ सहायक |
| ३७ | सरोज चन्द पौडेल | ५ | बरिष्ठ सहायक |
| ३८ | जीतेन्द्र कुमार गुप्ता | ५ | बरिष्ठ सहायक |
| ३९ | राज कुमार सारू मगर | ५ | बरिष्ठ सहायक |
| ४० | ज्ञान बहादुर लम्साल | ५ | बरिष्ठ सहायक |
| ४१ | रमेश शर्मा तिवारी | ५ | बरिष्ठ सहायक |
| ४२ | करूणा हेङ्जु | ४ | सहायक |
| ४३ | अर्जुन कोइराला | ४ | सहायक |
| ४४ | बिकेन पौडेल | ४ | सहायक |

| | | | |
|---|---|---|---|
| ४५ | जयराम अधिकारी | ४ | सहायक |
| ४६ | सिता भण्डारी | ४ | लेखा सहायक |
| ४७ | लक्ष्मी पाण्डे | ४ | लेखा सहायक |
| ४८ | अशोक राज प्याकुरेल | ४ | लेखा सहायक |
| ४९ | दिल बहादुर भण्डारी | ४ | लेखा सहायक |
| ५० | कुलचन्द्र भट्टराई | ४ | लेखा सहायक |
| ५१ | धनेश कुमार पाण्डेय | ३ | कनिष्ठ सहायक |
| ५२ | खडक राज मुडभरी | ३ | कनिष्ठ सहायक |

### राजीनामा

| क्र.सं | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | शिव राज ढकाल | ४ | बरिष्ठ हेड लोडर |
| २ | संजय बिक्रम पन्त | ८ | प्रबन्धक |
| ३ | अभय कुमार साह | ४ | बरिष्ठ प्राविधिक |
| ४ | दिवाकर जोशी | ६ | अधिकृत |
| ५ | सबिन श्रेष्ठ | ५ | बरिष्ठ प्राविधिक |
| ६ | पदम लामा | ४ | प्राविधिक |
| ७ | पुस्कर कुँवर | ४ | प्राविधिक |
| ८ | किशोर थापा मगर | ४ | बरिष्ठ हेड लोडर |

### अवकाश

| क्र.सं | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | कृष्ण बिक्रम पौडेल क्षेत्री | १० | बरिष्ठ क्याप्टेन |
| २ | पूर्ण कृष्ण श्रेष्ठ | ७ | बरिष्ठ प्राविधिक अधिकृत |

### सरूवा/ पद स्थापना

| क्र.सं | कर्मचारीको नाम | तह | पद | विभाग वाट /हालको स्थान |
|---|---|---|---|---|
| १ | सन्तोष पाण्डे | ८ | का.मु. उपनिर्देशक | बाणिज्य विभाग/ओसाका, जापान |
| २ | श्यामदीप साह | ७ | बरिष्ठ प्राविधिक अधिकृत | इञ्जिनियरिङ्ग मेन्टिनेन्स/ कन्टिन्यूइङ्ग एअरओर्दिनेश |
| ३ | धिरेन्द्र कुमार शाह | ७ | बरिष्ठ प्राविधिक अधिकृत | इञ्जिनियरिङ्ग मेन्टिनेन्स/ कन्टिन्यूइङ्ग एअरओर्दिनेश |
| ४ | अर्जुन यादव | ७ | इञ्जिनियर | कन्टिन्यूइङ्ग एअरओर्दिनेश/ क्वालिटि एस्योरेन्स तथा फ्लाइट सेफ्टी |
| ५ | श्री राज आचार्य | ६ | अधिकृत | यात्रुसेवा विभाग / क्वालिटि एस्योरेन्स तथा फ्लाइट सेफ्टी |
| ६ | चेतन कुमार तिमिल्सेना | ६ | अधिकृत | बाणिज्य विभाग/ मानव संशाधन विभाग |
| ७ | इन्दु पन्थी | ६ | अधिकृत | यात्रुसेवा विभाग /बाणिज्य विभाग |
| ८ | बन्धु राज न्यौपाने | ६ | अधिकृत | बाणिज्य विभाग/मेघौली स्टेशन |
| ९ | कविता आचार्य दवाडी | ६ | अधिकृत | यात्रुसेवा विभाग / बाणिज्य विभाग |
| १० | अनिल कुमार शाह | ५ | बरिष्ठ सहायक | यात्रुसेवा विभाग /सा.से.तथा सं.ब्यवस्थापन विभाग |
| ११ | देव राज ओझा | ५ | बरिष्ठ सहायक | यात्रुसेवा विभाग / इञ्जिनियरिङ्ग मेन्टिनेन्स |
| १२ | चन्द्र थापा मगर | ४ | सहायक | यात्रुसेवा विभाग / इञ्जिनियरिङ्ग मेन्टिनेन्स |
| १३ | हरि शर्मा | ४ | सहायक | यात्रुसेवा विभाग /ग्राउण्ड सपोर्ट |
| १४ | सुलोचना गौतम | ३ | कनिष्ठ सहायक | बाणिज्य विभाग /सा.से.तथा सं.ब्यवस्थापन विभाग |
| १५ | सन्ध्या आचार्य | ३ | कनिष्ठ सहायक | सा.से.तथा सं.ब्यवस्थापन विभाग/ पोखरा स्टेशन |
| १६ | रमेश कुमार श्रेष्ठ | ३ | कनिष्ठ सहायक | बाणिज्य विभाग/ लामिडाँडा स्टेशन |

## आन्तरिक पर्यटनको...

जान चाहनेले पनि इच्छा पूरा गर्न पाएका छैनन् ।

राम्रो लक्षण के हो भने नेपालीहरूमा देशका आकर्षक र धार्मिक स्थलहरूमा पुग्नु पर्दछ , नयाँ कुरा हेर्नुपर्दछ र नयाँ नयाँ अनुभवहरू बटुल्नु पर्दछ भन्ने अवधारणा विकसित हुँदै गएकोले दुर्गम ठाउँमा समेत आर्थिक गतिशीलता बढ्दै गएको छ । जहाँ पैसाको मुख देख्न गाह्रो भनिन्थ्यो त्यहाँ आन्तरिक पर्यटकहरूको आगमनले आर्थिक चहलपहल बढेको छ ।

नेपाल वायुसेवा निगम यस तथ्यसँग परिचित भएकै कारण दुर्गम क्षेत्रहरूमा आफ्नो सेवा नियमित गरी आन्तरिक पर्यटन प्रवर्द्धनमा सक्रिय छ । भविष्यमा आन्तरिक पर्यटक संख्या उल्लेख्य रूपमा बढ्ने अनुमानका साथ पूर्वाधार निर्माण र सेवा विस्तारमा सम्बन्धित क्षेत्रको सहभागिता बढाउनु पर्दछ ।

## Ground Support Department

### LOST AND FOUND RECORD SUMMARY

| S.N | Year | Months | Found Materials/Goods (in pcs) | | | | | | | | Staff | Handed over to concerned Airlines | | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Mobiles | Different types of movie and still camera | Money and wallets | i-phone, i-pod, i-pad, tablets, etc. | Passport | Note | Other electronic appliances / items, games, pendrives, etc. | Total pcs | | Crew | Paxs | |
| 1 | 2018 | November | 5 | 1 | 4 | 3 | 0 | 1 | 4 | 18 | 16 | 2 | 0 | |
| 2 | 2018 | December | 4 | 0 | 5 | 3 | 0 | 0 | 4 | 16 | 14 | 2 | 0 | |
| Total | | | 9 | 1 | 9 | 6 | 0 | 1 | 8 | 34 | 30 | 4 | 0 | |

नोटः उपरोक्त विवरण ग्राउण्ड सपोर्ट विभाग टी.ए.सी.सी शाखा अन्तर्गत विमान स्थलमा विमानको क्याबिन सफाई गर्ने क्रममा यात्रुहरूबाट छोडिएका सामानहरू यस विभागमा कार्यरत कर्मचारीहरूले पाई सम्बन्धीत ठाँउमा बुझाएका सामानहरूको हो ।

# हवाई सुरक्षा गोष्ठी सम्पन्न

हवाई सुरक्षा सम्बन्धी गोष्ठी काठमाडौंमा सम्पन्न भएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरण, एयसबस हेलिकप्टर्स र युरोपियन नागरिक उड्डयन सुरक्षा एजेन्सीले संयुक्तरूपमा गोष्ठी आयोजना गरेका हुन् ।

गोष्ठीमा उडानका क्रममा देखापरेको चुनौती, उत्कृष्ट अभ्यास र जोखिम न्यूनीकरणका विषयमा छलफल भएको थियो । प्राधिकरणका महानिर्देशक सञ्जीव गौतमले उच्च भौगोलिक अवस्था, असुविधाजनक भू भाग र कठिन मौसमी अवस्थाका कारण नेपालको हेलिकप्टर उडान सम्भवतः विश्वकै अप्ठ्यारा उडान मध्येकै पर्दछन् भनेर बताउनु भयो ।

एयरबस इन्डिया तथा दक्षिण एसियाका प्रबन्ध निर्देशक आनन्द ई.स्टेनलेले हवाई बजार र यात्रुको सुरक्षाका विषयमा अन्तर्राष्ट्रिय अभ्यासलाई कार्यान्वयनमा ल्याईको जानकारी दिनुभयो ।

एयरबसले नेपालको हेलिकप्टर बजारको ६३ प्रतिशत हिस्सा ओगटेको छ । हाल देशमा २७ वटा एयरबस एक्युरियल हेलिकप्टरले उडान भरिरहेका छन् ।

## हङ्कङ्गस्थित...

सो छलफल कार्यक्रममा अर्थ निर्देशक युवराज अधिकारीले हङ्कङ्गस्थित एजेण्टहरूलाई निगमको बजार विस्तारमा अझ उत्साहका साथ सहयोग गर्न अपिल गर्दै एजेण्टले उठाएका समस्याहरूको हल गर्नेतर्फ काम गरिने र समय समयमा यस्तै छलफलहरू गरी समस्याहरू सुल्झाउँदै अगाडि बढ्न आग्रह गर्नु भएको थियो ।

हङ्कङ्गस्थित निगमका प्रबन्धक बृहतमान तुलाधरले हङ्कङ्गस्थित एजण्टहरूले उठाएका समस्याहरू समाधान गर्दै निगमको बजार विस्तार गरेर अगाडि बढ्नु पर्दछ भन्नुभयो ।



निगमको जहाजभित्र यात्रुहरूलाई खाना वितरण गर्दै ।

## OPERATIONS DEPARTMENT

## Flight Performance Report

for the month of Mangsir & Poush  2075

| FLEET/MONTH | | B757 9N-ACB | | A330 9N- ALY | | A330 9N- ALZ | | A320 9N-AKW | | A320 9N-AKX | | OVERALL | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| PARTICULARS | | MANGSIR | POUSH | MANGSIR | POUSH | MANGSIR | POUSH | MANGSIR | POUSH | MANGSIR | POUSH | MANGSIR | POUSH |
| FROM KTM STATION | | | | | | | | | | | | | |
| PROPOSED | | 0 | 0 | 25 | 34 | 43 | 33 | 47 | 58 | 63 | 58 | 178 | 183 |
| OPERATION | SAME DAY | 0 | 0 | 22 | 26 | 44 | 41 | 46 | 58 | 61 | 58 | 173 | 183 |
| | NEXT DAY | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 1 | 0 | 2 | 0 |
| AIRCRAFT CHANGED | TO OTHER | 0 | 0 | 8 | 11 | 7 | 3 | 12 | 10 | 12 | 10 | 39 | 34 |
| | FROM | 0 | 0 | 5 | 3 | 9 | 11 | 13 | 10 | 12 | 10 | 39 | 34 |
| ON TIME | | 0 | 0 | 6 | 10 | 8 | 11 | 23 | 31 | 34 | 33 | 71 | 85 |
| DELAYED | | 0 | 0 | 16 | 16 | 37 | 30 | 23 | 27 | 28 | 25 | 104 | 98 |
| POSTPOND/ CANCELLED | | | | | | 0 | 0 | 2 | 0 | 1 | | 3 | 0 |
| REASON FOR DELAY AT KTM | | | | | | | | | | | | | |
| MARKETING/CUSTOMER SERVICE | | 0 | 0 | 4 | 1 | 4 | 7 | 2 | 5 | 5 | 4 | 15 | 17 |
| ENGINEERING | | 0 | 0 | 4 | 1 | 8 | 2 | 1 | 5 | 2 | 4 | 15 | 12 |
| OPERATIONS | | 0 | 0 | 3 | 0 | 0 | 0 | 1 | 0 | 0 | 1 | 4 | 1 |
| FINANCE | | 0 | 0 | | | | | 0 | 0 | 0 | 0 | 0 | 0 |
| TRANSPORT | | 0 | 0 | 1 | 1 | 2 | 0 | 0 | 0 | 0 | 0 | 3 | 1 |
| WEATHER/NOTAM | | 0 | 0 | 1 | 2 | 1 | 0 | 0 | 0 | 0 | 1 | 2 | 3 |
| IMMIGRATION | | 0 | 0 | 1 | 2 | 0 | 6 | 1 | 5 | 1 | 2 | 3 | 15 |
| SUBSEQUENT | | 0 | 0 | 1 | 2 | 7 | 6 | 4 | 4 | 5 | 4 | 17 | 16 |
| Ground Support | | 0 | 0 | | | | | 0 | 0 | 0 | 0 | 0 | 0 |
| KTM ATC | | 0 | 0 | 1 | 5 | 8 | 9 | 14 | 5 | 12 | 7 | 35 | 26 |
| GSD | | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 1 | 1 | 1 |
| OTHER | | 0 | 0 | 0 | 2 | 6 | 0 | 0 | 3 | 3 | 1 | 9 | 6 |
| FLIGHT PERFORMANCE (%) | | | | | | | | | | | | | |
| RELIABILITY | | 0.00 | 0.00 | 100.00 | 100.00 | 97.67 | 100.00 | 95.74 | 100.00 | 96.83 | 100.00 | 97.56 | 100.00 |
| PUNCTUALITY | | 0.00 | 0.00 | 27.27 | 38.46 | 18.18 | 26.83 | 50.00 | 53.45 | 55.74 | 56.90 | 41.04 | 46.45 |

COMMERCIAL DEPARTMENT

# TRAFFIC AND REVENUE PERFORMANCE OF DOMESTIC & INTERNATIONAL STATIONS

as of Mangsir-Poush 2075

| Region | Mangsir 2075 | | | | Poush 2075 | | | | Total | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total | Grand Total Passenger Flown | Grand Total Revenue in NPR |
| Central Region | 744 | 4,068,749 | 17,853 | 4,086,602 | 725 | 4,421,346 | 12,270 | 4,433,616 | 1,469 | 8,520,218 |
| Eastern Region | 373 | 2,282,239 | 5,620 | 2,287,859 | 448 | 2,586,475 | 7,192 | 2,593,667 | 821 | 4,881,526 |
| Western Region | 676 | 3,639,217 | 249,355 | 3,888,572 | 753 | 3,752,617 | 378,690 | 4,131,307 | 1,429 | 8,019,879 |
| MA 60 | 3,083 | 9,484,179 | 156,809 | 9,640,988 | 3,978 | 10,524,048 | 232,251 | 10,756,299 | 7,061 | 20,397,287 |
| Y 12 E | 1,430 | 4,430,760 | 5,779 | 4,436,539 | 1,499 | 5,310,856 | 10,881 | 5,321,737 | 2,929 | 9,758,276 |
| Domestic Total | 6,306 | 23,905,144 | 435,416 | 24,340,560 | 7,403 | 26,595,342 | 641,284 | 27,236,626 | 13,709 | 51,577,186 |
| KTM-DXB | 4,404 | 120,106,608 | 9,934,950 | 130,041,558 | 4,165 | 101,334,480 | 721,276 | 102,055,756 | 8,569 | 232,097,314 |
| DXB-KTM | 4,012 | 68,713,224 | 897,594 | 69,610,818 | 4,606 | 81,827,512 | 610,860 | 82,438,372 | 8,618 | 152,049,190 |
| KTM-DEL | 9,850 | 112,568,600 | 2,809,810 | 115,378,410 | 9,490 | 71,508,180 | 440,861 | 71,949,041 | 19,340 | 187,327,451 |
| DEL-KTM | 7,967 | 52,742,636 | 6,163,036 | 58,905,672 | 7,876 | 48,593,540 | 3,646,402 | 52,239,942 | 15,843 | 111,145,614 |
| KTM-BOM | 1,860 | 28,005,310 | 61,800 | 28,067,110 | 1,710 | 19,579,790 | 6,746,400 | 26,326,190 | 3,570 | 54,393,300 |
| BOM-KTM | 1,364 | 14,117,168 | 633,274 | 14,750,442 | 1,600 | 16,386,200 | 514,642 | 16,900,842 | 2,964 | 31,651,284 |
| KTM-BLR | 2,013 | 30,233,456 | 120,000 | 30,353,456 | 1,864 | 24,634,768 | 103,014 | 24,737,782 | 3,877 | 55,091,238 |
| BLR-KTM | 1,658 | 13,704,956 | 215,408 | 13,920,364 | 1,679 | 14,511,028 | 221,248 | 14,732,276 | 3,337 | 28,652,640 |
| KTM-KUL | 1,777 | 31,026,754 | 382,158 | 31,408,912 | 1,455 | 23,516,860 | 147,357 | 23,664,217 | 3,232 | 55,073,129 |
| KUL-KTM | 1,833 | 30,199,791 | 296,645 | 30,496,436 | 1,974 | 32,549,823 | 520,057 | 33,069,880 | 3,807 | 63,566,316 |
| KTM-DOH | 6,416 | 162,868,832 | 261,270 | 163,130,102 | 6,893 | 138,724,536 | 19,800 | 138,744,336 | 13,309 | 301,874,438 |
| DOH-KTM | 6,637 | 103,944,024 | 651,250 | 104,595,274 | 7,818 | 136,024,536 | 1,407,280 | 137,431,816 | 14,455 | 242,027,090 |
| KTM-BKK | 1,999 | 23,229,788 | 210,129 | 23,439,917 | 2,010 | 17,625,120 | 134,324 | 17,759,444 | 4,009 | 41,199,361 |
| BKK-KTM | 1,219 | 18,068,428 | 788,064 | 18,856,492 | 1,482 | 19,450,984 | 884,486 | 20,335,470 | 2,701 | 39,191,962 |
| KTM-HKG | 2,398 | 68,482,344 | 2,988,480 | 71,470,824 | 2,012 | 49,464,136 | 2,085,600 | 51,549,736 | 4,410 | 123,020,560 |
| HKG-KTM | 2,065 | 56,597,660 | 4,640,020 | 61,237,680 | 1,561 | 45,341,968 | 4,273,570 | 49,615,538 | 3,626 | 110,853,218 |
| Intl. Total | 57,472 | 934,609,579 | 31,053,888 | 965,663,467 | 58,195 | 841,073,461 | 22,477,177 | 863,550,638 | 115,667 | 1,829,214,105 |
| Grand Total | 63,778 | 958,514,723 | 31,489,304 | 990,004,027 | 65,598 | 867,668,803 | 23,118,461 | 890,787,264 | 129,376 | 1,880,791,291 |

## Continuing Airworthiness Management Department

**OPERATION STATISTICS OF AIRCRAFT**

**November/December 2018**

| Particulars | Fleet | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | DHC-6\300 | | Y12 E | | | | MA-60 | | B757-200 | | A320 | | A330 | |
| Aircraft Registration No. | 9N-ABU | 9N-ABT | 9N-AKS | 9N-AKT | 9N-AKU | 9N-AKV | 9N-AKQ | 9N-AKR | 9N-ACA | 9N-ACB | 9N-AKW | 9N-AKX | 9N-ALY | 9N-ALZ |
| No of Flight | 185 | 217 | AOG | 2 | 122 | 263 | AOG | 203 | N/A | AOG | 218 | 250 | 85 | 188 |
| Total Flight Hours ( HRs:MM) | 144:27 | 166:39 | AOG | 1:23 | 81:34 | 168:31 | AOG | 176:34 | N/A | AOG | 670:16 | 636:13 | 283:10 | 657:08 |